# घौवा महिला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. ०८२।०८३

मिति : २०८२।१२।२७

**विषय : गोलिया काठ लिलाम बिक्री सम्वन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना !**

(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।१२।२७)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वनमा ढलापडा र पुनरुत्पादन कटान क्षेत्रबाट संकलन गरिएका गोलिया काठ मध्ये वन पैदावार आपुर्ति समिति, अर्घाखाँचीको लागि छुट्टाई राखिएका साल जातको गोलिया थान ४०४ को २२९६.६० क्यू.फिट काठ समूहमा फिर्ता भई श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको लिलाम बिक्री सहमति बमोजिम हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलवन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० वजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ३२०० मिति २०८२।१२।२४ गतेको लिलाम सहमति बमोजिमको प्रथम पटक प्रकाशित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | आ.व. ०८१।०८२ मा ढलापडा र पुनरुत्पादन कटान तर्फको वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीबाट फिर्ता भएका गोलिया काठ | साल | A | १८ | ३४८.२६ | १२५० | ४३५३२५ | ४०८,७९७ | |
| | | साल | B | ५५ | ६२२.४८ | ९०० | ५६०२३२ | | |
| | | साल | C | २७० | ११९९.११ | ६०० | ७१९४६६ | | |
| | | साल | D | ६१ | १२६.७६ | ३०० | ३८०२८ | | |
| जम्मा | | | | ४०४ | २२९६.६१ | | १७५३०५१ | ४०८७९७ | |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८३/०१/१७ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८३/०१/२१ गते दिउसो ३.०० बजेसम्म ।

(वीचमा सार्वजनिक विदा परेकोले)

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट नियमानुसार लाग्ने दस्तुर ( फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी वोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा. वा. वैंक लि., सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१०००२५२५००१ खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको वैंक जमानत समावेश गर्नुपर्ने छ ।

# घौवा महिला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०१।२३ गते दिनको ३:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको वोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी घौवा महिला सा.व.उ.स.को काठ लिलाम शिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. संघीय वन नियमावली, २०७९ को नियम २५ को उपनियम ५ बमोजिम बोलपत्र सदर भएको फर्मले वोलपत्र सदर भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी बाँकी प्रकृया अगाडी बढाईने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

पदम बहादुर गुरुङ
अध्यक्ष

इति सम्वत् २०८२ साल चैत्र .महिना २७ गते रोज ०६ मा शुभम् ...............................।

# काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशितमिति २०८२/१२/२७ गते)**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८१/०८२ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रबाट संकलन गरी वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीलाई छुट्टाई राखिएका सालजातको गोलिया थान ४०४ को २२९६.६० क्यू.फिट काठ समूहलाई फिर्ता भएकोले समूहको माग बमोजिम श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको लिलाम सहमति बमोजिम घाटगद्धीमा रहेका उक्त गोलिया काठ हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ दिन भित्र कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउँसको ३:०० बजे भित्र दाखिला गर्नु हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ ।

**घौवा महिला सामुदायिक वन उपभोक्ता समूह**

**शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची**